# खोटेहाङ गाउँपालिका

## खोटाङ

## गाउँसभाको एघारौँ अधिवेशन

# आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम

**अध्यक्ष श्री उदिम बहादुर राई**

**२०७९ असार ०८ गते**

**गाउँसभाको एघारौँ अधिवेशनका उपाध्यक्षज्यू,**

**गाउँसभा सचिवज्यू,**

**गाउँसभा सदस्यज्यूहरु,**

खोटेहाङ गाउँपालिकाको सर्वाङ्गीण विकास, दिगो शान्ति, समृद्दि र समतामूलक समाज निर्माणको आकांक्षा पूरा गर्ने संकल्प सहित गाउँसभाको एघारौँ अधिवेशनको वैठकमा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महशुस गरिरहको छु । यस वैठकमा उपस्थित सम्पूर्णमा म सहृदय स्वागत र अभिवादन गर्न चाहान्छु ।

यस गरिमामय क्षणमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रियता, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि इतिहासका विभिन्न कालखण्डहरुमा भएका गौरवपूर्ण संघर्ष तथा आन्दोलनमा जीवन आहुती गर्नुहुने सम्पूर्ण वीर शहिदहरुप्रति श्रद्दा सुमन अर्पण गर्न चाहान्छु । सशस्त्र संघर्ष तथा जन आन्दोलनका घाईते, वेपत्ता नागरिक एवं द्वन्दपिडितहरु प्रति उच्च सम्मान व्यक्त गर्न चाहान्छु ।

स्थानीय तहको प्रथम निर्वाचनवाट निर्वाचित खोटेहाङ गाउँपालिकाका जनप्रतिनिधीज्यूहरु, जसले खोटेहाङ गाउँपालिकाको स्थापनाको पाँच वर्ष गाउँपालिकाको समृद्दि र विकासका लागि इमान्दारितापूर्वक प्रयत्न गर्नुभयो, उहाँहरुप्रति सम्मान व्यक्त गर्न चाहान्छु ।

स्थानीय तहको दोस्रो निर्वाचनमा खोटेहाङ गाउँपालिकाको भाग्य र भविष्य निर्माणका लागि हामीलाई विश्वास गरेर आफ्नो अमूल्य मत दिई निर्वाचित गराईदिनु हुने सम्पूर्ण नागरिकहरु प्रति ससम्मान आभार व्यक्त गर्न चाहान्छु। यसै सभामार्फत खोटेहाङ गाउँपालिकाको दिगो विकास र समृद्द गाउँपालिकाको सपना साकार पार्न हरतरहले प्रयत्नरत रहने प्रतिवद्दता समेत व्यक्त गर्न चाहान्छु र यस प्रयत्नमा खोटेहाङ गाउँपालिकावासी सवै सरोकारवालाहरुले रचनात्मक सहयोग गर्नुहुनेछ भन्ने विश्वास र अपेक्षा गर्न चाहान्छु।

खोटेहाङ गाउँपालिकासंग सम्भावनाहरुको प्रचुरता छ । हामीसंग प्रसस्त उर्वर भूमी छन । सिँचाईका लागि उपयुक्त नदिनालाहरु छन । पर्यटकीय सम्भावनायुक्त प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक सम्पदाहरु छन । जाँगरिला र उर्जावान यथेष्ट मानवपूँजी छ । घना, सुन्दर र उपयोगी वनजंगल, सैयौँ प्रकारका जडिवुटी, स्थानीय सिप र उत्पादन हामीसंग छ । सवैभन्दा महत्वपूर्ण कुरा हामीसंग गाउँपालिकाको सुनौलो भविष्यको साझा संकल्प छ र यहाहरुको अमूल्य साथ छ ।

तर हामीमाझ थुप्रै चुनौतीहरु पनि छन । सिमित स्रोत साधनको समुचित प्रयोगवाट अथाह स्थानीय आवश्यकता र जनअपेक्षालाई हामीले पुरा गर्नु पर्नेछ । जनताका अनगिन्ती चाहानाहरु प्रत्यक्ष रुपमा स्थानीय तहसंग जोडिएका हुन्छन, हरेक आवश्यकता र चाहानाहरुको समयानुकुल सम्बोधन हामीले गर्नुपर्नेछ । हामीले विकास र समृद्दिको अभियानमा अपेक्षित जनसहभागीता सुनिश्चित गर्नुपर्नेछ । विकासको

दिगोपना, गुणस्तरीयता, जनजिविका, समता र सहभागीतासंगको सन्तुलन कायम गर्नुपर्नेछ । सवल र स्वावलम्वी अर्थतन्त्रको निर्माण गर्दै स्वस्थ, सभ्य, मर्यादित एवं दक्ष मानवपूँजि सहितको समाज निर्माण गर्नुपर्नेछ । र विकासका सवै क्षेत्र-उपक्षेत्रहरुको सन्तुलित र तीव्र विकास गर्नुपर्नेछ ।

**गाउँसभा सदस्यज्यूहरु,**

उल्लिखित सम्भावना, चुनौती, हाम्रा साझा संकल्प र प्रतिवद्दताहरुलाई मध्येनजर गर्दै, विषयगत समितिहरुको सुझाव, सरोकारवालाहरुको सुझाव, गाउँकार्यपालिकाका निर्णयहरु, विगतका असल अभ्यास लगायतका विषयहरुलाई ग्रहण गर्दै अव म आगामी आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

## क. आर्थिक विकास क्षेत्र

### १. कृषि

- गाउँपालिकाको आवधिक योजना तयार भएपश्चात दिर्घकालिन कृषि नीति तयार गरिनेछ ।
- कृषि प्रोफाईल अपडेट गरिनेछ ।
- कृषि तथा पशु विमालाई सवै कृषकहरुको पहुँचमा पुर्याउन आवश्यक व्यवस्था गरिनेछ ।
- खेतीयोग्य तथा बाँझो जमिनको उपयोगका लागि उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषि आधुनिकिकरणका लागि आधुनिक मेसिन/यन्त्र तथा औजार खरिदका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- संकलन केन्द्र तथा वितरण केन्द्र, विकृ पसल तथा कोशेली घर निर्माण तथा कृषि हाटवजार व्यवस्थापन गर्न पहल गरिनेछ ।
- वार्षिक रुपमा उत्कृष्ठ कृषक पुरस्कारको व्यवस्था गरिनेछ ।
- रसायनिक मल सुलभ वितरणका लागि सम्बन्धित निकायमा समन्वय गरिनेछ ।
- वर्षमा कम्तिमा एक पटक कृषि प्रदर्शनी आयोजना गरिनेछ ।
- भुष्याहा कुकुरहरुको बन्ध्याकरण गरिनेछ ।
- आत्मनिर्भर कृषिका लागि समूहिक खेती, पकेट सञ्चालन, सहकारितामा आधारित कृषिको अवधारणा कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

- कृषकहरुको कृषि ज्ञान तथा जनचेतना अभिवृद्दिका लागि कृषक पाठशाला कक्षा सञ्चालन गरिनेछ।
- कृषि सम्बन्धी विभिन्न प्रकारका घुम्ती शिविर सञ्चालन गरिनेछ।
- उन्नत घाँस/विउ/नर्सरी उत्पादन तथा स्थापनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीवाट फर्केका युवाहरुका लागि कृषिमा अनुदानलाई निरन्तरता दिईने छ।
- एक वडा एक प्राविधिक नियुक्ति गर्न आवश्यक व्यवस्था गरिनेछ।
- वसाईसराईलाई निरुत्साहन गर्न वैकल्पिक खेती अध्ययन तथा सो को लागि आवश्यक व्यवस्था गरिनेछ तथा अन्यत्र स्थानीय तहवाट बसाँई सरि आई कृषि कर्म गर्ने कृषकलाई विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ।
- फौजिकिरा, बाँदर, परजिवि तथा विभिन्न कृषि तथा पशु रोग न्यूनिकरणका लागि आवश्यक व्यवस्था गरिनेछ।
- सम्भाव्यताका आधारमा जडिवुटी खेतीका लागि सम्बन्धित वडावाट आवश्यक वजेट व्यवस्था गरिनेछ।
- रैथाने बाली संरक्षण तथा प्रवर्धनका लागि आवश्यक अध्ययन अनुसन्धान तथा आवश्यक वजेट व्यवस्था गरिनेछ।
- अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई नियमित अनुगमनका माध्यमवाट दण्ड पुरस्कारको व्यवस्था गरिनेछ।

**२. पर्यटन**

- खोटेहाङ गाउँपालिकाको दिर्घकालिन पर्यटन नीति तयार गरिनेछ।
- डिपिआर बमोजिमका पर्यटकिय योजनाहरुलाई प्राथमिकता दिदै वजेट विनियोजन गरिनेछ तथा अन्य पर्यटकीय क्षेत्र पहिचान गरि सो को डि पि आर तयार गरिनेछ।
- पदमार्गहरु पहिचान तथा ब्यवस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ।
- पर्यटकीय तथा साँस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण तथा प्रवर्धनलाई निरन्तरता दिईने छ।
- पर्यटकीय क्षेत्र तथा साँस्कृतिक महत्वका क्षेत्रहरुको प्रचार प्रसार गरिनेछ।

### ३. उद्योग तथा उद्यमशीलता प्रवर्धन

- वजार सम्भाव्यता अध्ययन र सम्भावनायुक्त क्षेत्रका लागि तालिम सञ्चालन गरि प्रस्ताव छनौट गरि अनुदान तथा प्रविधि हस्तान्तरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- डेरि उद्योग स्थापनाका लागि सम्भाव्यता अध्ययन गरि सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- स्थानीय लघु उद्यमलाई प्रोत्साहन गर्न तथा वातावरण संरक्षणका लागि यसै आ व वाट गाउँपालिका मातहत कार्यालयलाई प्लास्टिकजन्य सामग्री प्रयोग न्यूनिकरण गर्दै स्थानीय दुना टपरी जस्ता स्थानीय सामग्रीको प्रयोग अनिवार्य गरिनेछ ।

### ४. सहकारी

- सहकारीहरुलाई क्षमता विकास तालिम तथा प्रशिक्षण सञ्चालन गरिनेछ ।
- रोजगारी सृजना/उद्यमशीलता प्रवर्धन वजारिकरण तथा व्यवसायिकरण लगायतका रचनात्मक कार्यक्रम सञ्चालनमा सहकार्य तथा संयुक्त लगानीको व्यवस्था गरिनेछ।
- सहकारी तथा गैर सरकारी संस्थासंगको सहकार्यमा टोल स्तरमा वित्तिय साक्षरता कक्षा सञ्चालन गरिनेछ ।

### ५. रोजगार कार्यक्रम

- सवै बेरोजगार जनशक्तिको योग्यता क्षमता र सीपसमेत उल्लेख हुने गरी तथ्याङ्क अध्यावधिक गरिनेछ ।
- उत्पादनशिल रोजगारीको माध्यमबाट श्रम बजारमा प्रवेश गर्न योग्य जनशक्तीलाइ सीपमुलक, व्यवसायीक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुको माध्यमबाट खेतियोग्य जमिन पहिचान गरी कृषि र उत्पादन मूलक क्षेत्रमा रोजगारी प्रदान गरि उत्पादनलाई बढावा दिईने छ ।
- समान कामका लागी समान पारिश्रमिकको सिध्दान्तलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- वैदेशिक रोजगारीलाई सुरक्षित व्यवस्थित तथा मर्यादित वनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा रहेका नागरिक तथा निजहरुको परिवारलाई प्रदान गरिने राहत, उद्दार तथा अन्य कल्याणकारी सेवा प्रवाहलाई सहजीकरण गरिनेछ व्यवस्था मिलाइने छ ।

- वैदेशिक रोजगारबाट फर्केका नागरिकहरुले आर्जन गरेको अनुभव, सीप र पूँजी लगानी गरी उत्पादन र स्वरोजगार क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुका साथै व्यवसाय सञ्चालनका लागी सहुलियत पूर्ण कर्जा प्रवाह गर्न वित्तिय क्षेत्रसँग समन्वयकारी भूमिका मिलाईने छ ।

## ख. पूर्वाधार विकास क्षेत्र

- रणनीतिक महत्वका सडक योजनाहरुको DPR तयार गरिनेछ ।
- ३ लाख भन्दा माथिका सडक निर्माण आयोजनाहरु सञ्चालन गर्नुपूर्व पर्याप्त प्राविधिक तथा भौगोलिक अध्ययन गरिनेछ ।
- सडक आयोजनाहरुको जनसहभागीता र जनश्रमदानलाई व्यवस्थित गर्न उपभोक्ता समितिवाट अनिवार्य नाली काट्ने तथा सोलिङ गरिनेछ जस्ता कार्य अनिवार्य गरिनेछ ।
- गाउँपालिकाका रणनीतिक महत्वका सडकहरु, गाउँपालिका तथा वडाहरुको केन्द्र जोड्ने, स्वास्थ्य चौकी जोड्ने सडकहरुलाई बाह्रै महिना सवारि चल्न योग्य बनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- मुख्य मुख्य सडकहरुमा अनिवार्य सडक नाली निर्माण गरिनेछ, नयाँ निर्माण हुने सडकहरुमा अनिवार्य नाली निर्माण गरिनेछ ।
- अन्तरपालिका जोड्ने महत्वपूर्ण सडकहरुको स्तरोन्नतीका लागि अन्तरपालिका समन्वय गरि आवश्यक वजेट सुनिश्चित गरिनेछ ।
- सडकको क्षेत्राधिकार कायम गरि ब्यवस्थित सडक आयोजनाहरु सञ्चालन गरिनेछ ।
- निर्माण कार्यहरुमा दक्ष कामदारको परिचालन गरिनेछ, दक्ष कामदार उत्पादनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- सवै प्रकारका आयोजनाहरुको नतिजामूलक अनुगमन लागू गरिनेछ ।
- पानीको मुहान, वनक्षेत्र तथा खेतीयोग्य जमिनवाट सडक निर्माण कार्य निषेध गरिनेछ ।
- गाउँपालिकाको कुनै पनि क्षेत्रमा गाउँपालिका तथा जग्गाधनीको अनुमति विना सडक निर्माण गर्न नपाईने ब्यवस्था लागू गरिनेछ ।
- आयोजना सञ्चालन गर्दा प्रयोग भएका कामदारहरुको लगत तयार गरि रोजगार अभिलेख तयार गरिनेछ, कामदारहरु परिचालन गर्दा रोजगार सेवा केन्द्रमा रहेको रोजगार बैङ्क मार्फत सूचिकृत बेरोजगार परिचालन गरिनेछ ।

- झोलुङ्गे पुल निर्माणमा दातृ निकायसंग प्रभावकारी समन्वय मार्फत प्रचलित कानूनको अधीनमा रहि आयोजना सञ्चालन गरिनेछ ।
- उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाहरुको मर्मत सम्भारका लागि लागत अनुमानको ५ प्रतिशत रकम उपभोक्ता समितिको खातामा रोक्का राखि, नियमित मर्मत सम्भार पश्चात अर्को आर्थिक वर्षको कार्तिक मसान्त पश्चात रकम फुकुवा गरिनेछ ।
- संघ र प्रदेशवाट सञ्चालित योजनाहरुको फरफारक सिफारिस गर्दा गाउँपालिकावाट प्रभावकारी अनुगमन पश्चात मात्र सिफारिस गरिनेछ ।
- उर्वर भूमिमहरुमा सिँचाई सुविधाको सुनिश्चितता गरिनेछ ।
- सिँचाई आयोजनाहरु कृषि प्राविधिकहरुसंग समन्वय गरि आयोजनाको औचित्यता हेरि सञ्चालन गरिनेछ ।
- आवास सहितको प्रशासकीय भवन, अतिथि गृह निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
- भवन निर्माण सम्बन्धमा खोटेहाङ गाउँपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था नियमित र व्यवस्थित गरिनेछ ऐन २०७८ को परिच्छेद ३ मा भएका प्रावधान लागू गरिनेछ ।
- गाउँपालिकाको सडकहरुको मर्मत कार्यमा प्रभावकारिता ल्याउन मेसिनरी औजार (Backhoe Loader) ब्याक हो लोडर खरिद गरि कार्विधी बमोजिम सञ्चालन गरिनेछ ।
- सवै भूगोलमा सवै समयमा टेलिफोन र इन्टरनेटको सुविधा सुनिश्चित गर्न सेवा प्रदायक कम्पनीहरुसंग समन्वय गरि पहल गरिनेछ ।
- एक वडा एक खेलमैदान निर्माण तथा स्तरोन्नतीको कार्यलाई निरन्तरता दिईने छ ।

## ग. सामाजिक विकास क्षेत्र

### १. खानेपानी तथा सरसफाई

- खानेपानीको अभाव भएका क्षेत्रमा खानेपानी आयोजना सञ्चालनलाई पहिलो प्राथमिकता दिई आयोजना सञ्चालनका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- एक घर एक धारा सुनिश्चितताका लागि प्राथमिकताका आधारमा आवश्यक वजेट व्यवस्था गरिनेछ।
- पर्याप्त प्राविधिक डिटेल सर्भे पश्चात मात्र खानेपानी आयोजना सञ्चालन गरिनेछ ।
- आयोजनाको पूर्व लागत अनुमान गरि वजेट विनियोजन गरिनेछ व्यवस्था गरिनेछ ।

- सवै पानीका मुहानहरुको गाउँपालिकाको मुहान दर्ता सम्बन्धी कार्यविधि बमोजिम अनिवार्य दर्ताका लागि प्रकृया अगाडी बढाउने तथा मुहान संरक्षण तथा सरसफाईका लागि टोल विकास संस्था तथा समुदायलाई सकृय गराइने छ।
- बजार क्षेत्रको खानेपानी ब्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ।
- खानेपानी उपभोक्ता समितिहरुको लगत राखि मुहान र सञ्चालित आयोजनाप्रतिको अपनत्व अभिवृद्दिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- वर्षातको पानी संकलन गरि प्रशोधन तथा प्रयोगका लागि आवश्यक कार्यक्रम गरिनेछ।
- खानेपानीमा पर्याप्त पहुँच पुगेका परिवारलाई उत्पादनसंग जोड्नका लागि जनचेतना तथा प्रोत्साहन कार्यक्रम ल्याईने छ।
- खानेपानीको व्यवस्थित वितरणका लागि आवश्यक कार्य गरिनेछ।
- मुहान संरक्षण, सरसफाई सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईट पहिचान/सिमाङ्कन तथा अभिलेखिकरण गरिनेछ।
- विद्यालय/टोल विकास संस्थाका माध्यमद्वारा सरसफाई अभियान तथा सृजनात्मक जागरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य तथा सरसफाई नियमावली तर्जुमा गरि निर्दिष्ट समितिहरुलाई सकृय गराईने छ।
- हरेक सार्वजनिक क्षेत्रमा शिशाजन्य/प्लास्टिकजन्य/सड्ने फोहोरहरु संकलन गर्न डस्टविनको व्यवस्था गरिनेछ तथा हरेक घरमा फोहोर संकलन गरिनेछ टोकरी राख्न प्रोत्साहन गरिनेछ।

२. **शिक्षा**

- उच्च शिक्षा छात्रवृत्ति कार्यक्रम सम्बन्धमा कानून निर्माण गरि निरन्तरता दिईने छ।
- एक विद्यालय एक बा. बि. के. सञ्चालन तथा दरबन्दी सृजना गरि पदपूर्ति गरिनेछ।
- दरबन्दी मिलानका लागि समिति गठन गरि यथाशीघ्र कारवाहि अगाडी बढाउने।
- ६ कक्षा देखि ८ कक्षासम्मका लागि स्थानीय पाठ्यक्रम तयार गरि लागू गरिनेछ।
- न्यून जनशक्ति भएका आधारभूत विद्यालयहरुमा स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ।
- विद्यालयहरुमा रहेको प्रयोशालाको उचित प्रयोग भए नभएको विषयमा नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ।

- प्र. अ. प्रोत्साहन भत्तलाई समयानुकुल बनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालनका लागि थप वजेट व्यवस्था गरिनेछ ।
- वार्षिक रुपमा उत्कृष्ट विद्यालय, वि. व्य. स., प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावकलाई पुरस्कृत गरिनेछ ।
- विभिन्न विद्यालयहरुको शिक्षक छनौट परिक्षाका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ।
- विद्यालयहरुको प्र अ छनौट सम्बन्धी निश्चित मापदण्ड बनाई लागू गरिनेछ ।
- विद्यालयहरुको मसलन्द खर्च समयसापेक्ष हुने गरि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- शैक्षिक सुधार अभियान सञ्चालन गरिनेछ ।
- शिक्षाको गुणस्तर सुधारका लागि विद्यालयहरुलाई तोकिएको मापदण्ड तथा नतिजा मूल्याङ्कनका आधारमा दण्ड पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यालय समयमा दलीय राजनीतिक कृयाकलापमा संलग्न हुने/मादक पदार्थ सेवन गर्ने तथा आचारसंहिता विपरित कार्य गर्ने शिक्षकलाई आचारसंहिता बमोजिम कार्वाहिको सुनिश्चचितता गरिनेछ ।
- शिक्षकहरुको क्षमता अभिवृद्दि, उत्प्रेरणा तथा पुनर्ताजगी कार्यक्रम सञ्चालन गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- विद्यालयहरुको शैक्षिक भ्रमणलाई नियमित रुपमा हुने ब्यवस्था मिलाईने छ ।
- वजेट विनियोजन गर्दा विद्यालयहरुको आवश्यक्ताका आधारमा विनियोजन गरिनेछ ।
- पालिका स्वयम सेवक शिक्षकहरुको दरबन्दीलाई निरन्तरता दिईने छ ।
- एक वडामा न्यूनतम एक माध्यमिक विद्यालय सञ्चालनका लागि आवश्यक प्रकृया अगाडी बढाउने ।
- प्रधानाध्यापक र शिक्षकहरुविचको कार्यसम्पादन करारलाई अनिवार्य लागू गरिनेछ ।
- सरकारी सेवा सुविधा लिनेले आफ्ना छोराछोरीलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पढाउने वाध्यकारी व्यवस्था गरिने छ ।

### ३. स्वास्थ्य

- हरेक स्वास्थ्यचौकीमा अक्सिजन उपलब्धताको व्यवस्था गरिनेछ ।
- औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ ।
- स्वास्थ्य मन्त्रालयले व्यवस्था गरेको न्यूनतम सेवा मापदण्ड (MSS Minimum Service Standard) मा भएका व्यवस्थाहरु क्रमश लागू गरिनेछ ।
- निशुल्क वितरण हुने औषधीका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- निशुल्क क्याल्सियम वितरणका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- प्रत्येक वडाहरुमा आवश्यक खोपकेन्द्र निर्माण गर्न आवश्यक पहल गरिनेछ ।
- आवश्यकताका आधारमा सामुदायिक स्वास्थ्य इकाई स्थापनाका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- स्वास्थ्य मन्त्रालयसंगको सहकार्यमा विशेषज्ञ सेवा सहितको एकिकृत शिविर सञ्चालनका लागि पहल गरिनेछ ।
- सञ्चालन भएका ल्याव सेवाको व्यवस्थापनका लागि आवश्यक जनशक्ति, सामग्री व्यवस्था गरिनेछ ।
- हरेक वडालाई समावेश गर्ने गरि योग शिविर सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवा प्रवाह, ल्याव सेवा, आयुर्वेदिक औषधी प्रयोग तथा स्वस्थ जीवनका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पोष्टमार्टम सेवालाई सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविकाहरुको प्रोत्साहन भत्तालाई बृद्दि गरि निरन्तरता दिईने छ ।
- पूर्ण खोप सुनिश्चितताका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- आवश्यक कानून निर्माण गरि सहुलियतमा एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।
- गैरसरकारी संस्थावाट सञ्चालन हुने स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुसंग सहकार्य गरिनेछ ।
- प्रसुतिकेन्द्रको रात्रीकालिन जोखिम भत्ता र स्वास्थ्यचौकीहरुको कार्यालय सञ्चालन खर्चलाई निरन्तरता दिईनेछ ।
- रेबिज विरुद्दको खोपलाई सुलभ बनाउन आवश्यक पहल गरिनेछ ।

## ४. संस्कृति प्रवर्धन

- खोटेहाङ गाउँपालिकाका विभिन्न जाती, आदिवासी जनजाती, अल्पसंख्यक लगायत सवै समुदायको साँस्कृतिक विविधता सम्बन्धि अध्ययन गरि साँस्कृतिक वृत्तचित्र निर्माण गरिनेछ।
- हरेक साँस्कृतिक समुदायहरुको संस्कृति संरक्षण समूह निर्माण गरि आवश्यक प्रोत्साहन गरिनेछ।
- साँस्कृतिक संग्रहालय निर्माण गर्न पहल गरिनेछ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण

- लैङ्गिक समानता/घरेलु हिंसा/यौनहिंसा/वालविवाह न्यूनिकरणका लागि प्रभावकारी जनचेतना तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- वाल विवाह न्यूनिकरणका लागि विद्यालयहरुमा सडक नाटक/चलचित्र प्रदर्शन गरिनेछ।
- वालवालिकाको क्षमता विकास सम्बन्धी नियमित प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरिनेछ।
- फरक क्षमता भएका व्यक्ति लक्षित कार्यक्रमलाई स्वरोजगारमूखी बनाउदै निरन्तरता दिईने छ।
- अपाङ्गता परिचयपत्र वितरणका लागि वडा स्तरिय शिविर सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकहरुको अनुभव अभिलेख गरि दस्तावेजीकरण गरिनेछ।
- छुवाछुत तथा जातीय तथा सवै प्रकारका विभेद र सवै प्रकारका कुप्रथा सम्बन्धी प्रभावकारी गुनासो सुनुवाई तथा दण्डको व्यवस्थालाई प्रभावकारी वनाउने।
- दलित समुदायको सिपलाई स्वरोजगार र उत्पादनसंग जोड्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- समावेशिकरण सम्बन्धित विनियोजित कार्यक्रमहरुलाई जनचेतनामूलक, सिपमूलक तथा स्वरोजगार उन्मुख बनाउने।
- शहिद, वेपत्ता तथा द्वन्दपिपिडित परिवारहरुको सम्मानका लागि कार्यक्रम सञ्चालन गरिनेछ।
- छुवाछुत अन्त्यका लागि पालिकास्तरिय सहभोज आयोजना गरिने छ।

## घ. सुशासन तथा संस्थागत विकास क्षेत्र

- अन्तरपालिका समन्वय तथा सहकार्यका लागि खोटेहाङ गाउँपालिकासंग सिमा जोडिएका गाउँपालिकाहरुसंग नियमित रुपमा **समन्वय वैठक आयोजना गरिनेछ** एवं **अन्तरपालिका - स्तरिय रणनीतिक महत्वका योजना/आयोजना सञ्चालनका लागि सहकार्य**का लागि पहल गरिनेछ।
- ओ एण्ड एम सर्भे गरि सिर्जना भएका **दरवन्दी पदपूर्ति** गरिनेछ व्यवस्था गरिनेछ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको मनोवल उच्च राख्न आवश्यक **क्षमता विकास तालिम** तथा अन्य व्यवस्था गरिनेछ।
- **द्रुत गतिको इन्टरनेट** गाउँपालिका मातहतका सवै कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा जडान गरिनेछ।
- अनिवार्य रुपमा चौमासिक **सार्वजनिक सुनुवाई** गरिनेछ।
- **राजश्व सुधार कार्ययोजना तयार** गरि राजश्वको दायरालाई फराकिलो बनाउन आवश्यक कृयाकलाप सञ्चालन गरिनेछ।
- **आन्तरिक लेखा परिक्षण कार्यविधी** तयार गरि लागू गरिनेछ।
- गाउँपालिकाद्वारा प्रवाह हुने सेवा बारे जानकारी तथा सूचनाको पहुँचमा यथासम्भव नागरिकहरुको पहुँच सुनिश्चित गर्न **सूचनाहरुको बुस्ट** गरिनेछ।
- **टोल विकास संस्थाहरुलाई अभिमूखिकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन** गरि सकृय बनाउन तथा प्रोत्साहन गर्न सम्बन्धित वडाहरुवाट आवश्यक वजेट ब्यवस्था गरिनेछ।
- **नागरिक सन्तुष्टी सर्वेक्षण**का औजारहरु प्रयोग गरि प्रभावकारी सेवा प्रवाहका लागि सकरात्मक पृष्ठपोषण प्राप्त गरिनेछ।
- प्रत्येक वडामा जनशक्ति पदपूर्ती गरि संघियतालाई मजबुत गर्दै लगिनेछ।
- आवश्यक कानून निर्माण गरि गाउँपालिका प्रहरी सेवा सञ्चालन गरिनेछ।

## ङ. वन वातावरण तथा विपद व्यवस्थापन

- वन, वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी आवश्यक दिर्घकालिन नीति तयार गरिनेछ ।
- नसड्ने वस्तुहरुको प्रयोग न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा टोल विकास संस्थाहरुसंगको समन्वयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- वजार क्षेत्र, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रहरुमा फोहोरमैला व्यवस्थापनका लागि आवश्यक फोहोर संकलन केन्द्र तोकी सो को व्यवस्थापनका लागि नीजि क्षेत्रसंगको समन्वयमा डम्पिङ साईटसम्म पुर्याउने आवश्यक व्यवस्था गरिनेछ ।
- कुनै पनि सडक निर्माण सम्बन्धी योजनाहरु सञ्चालन गर्दा पानीको मुहान भएको क्षेत्रमा मेसिनको प्रयोग कम गरिनेछ वा पानीको मुहान तथा रुख विरुवालाई असर नपर्ने क्षेत्रवाट योजना सञ्चालन गरिनेछ ।
- विपद व्यवस्थापन सम्बन्धि टोल स्तरमा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाको प्राकृतिक विपद क्षेत्र नक्सांकनका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- जलउत्पन्न प्रकोप नियन्त्रणका लागि सामुदायिक क्षेत्रवाट मुहान सरसफाई तथा संरक्षण कार्य गर्न आवश्यक नीति लिईने छ तथा सडक क्षेत्रवाट उत्पन्न हुने बाढि पहिरो तथा भूक्षय रोक्न नालि सहितको सडक निर्माण तथा सडकपेटीमा विभिन्न प्रकारका वृक्ष तथा घाँस/अम्लिसो रोपण गरिनेछ।
- हरेक सामुदायिक वनका उपभोक्ता समितिहरुले अनिवार्य रुपमा अग्निरेखा निर्माण गर्न वाध्यकारी व्यवस्था लागू गरिनेछ ।
- विपद व्यवस्थापन कोषलाई मजवुद वनाई पूर्ण पारदर्शिताका माध्यमवाट कोष सञ्चालन गरिनेछ।

**गाउँसभा सदस्यज्यूहरु,**

अन्त्यमा, खोटेहाङवासी नागरिकको नयाँ जनादेशलाई सम्मान गर्दै खोटेहाङ गाउँपालिकाको आर्थिक, समाजिक, राजनीतिक तथा सबै आयामहरुको आमूल परिवर्तनका खातिर आर्थिक वर्ष २०७९/८० लाई फलदायी र परिणाममूखी बनाउने प्रयास स्वरुप उल्लिखित नीतिहरुलाई अवलम्बन गरेका छौं । मलाई विश्वास छ हामीले अवलम्बन गरेका नीति र तय गरेका कार्यक्रमहरुले कुनै न कुनै हदसम्म हामीलाई प्राप्त जनादेशलाई सम्बोधन गर्नेछ ।यद्यपी नीति र कार्यक्रम तब परिणाममूखी हुन्छन् जब तीनिहरुको कार्यान्वयन हुन्छ । अन्यथा ती कागजमा सिमित हुन्छन् । प्रस्तुत आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न र परिणाममूखी बनाउन यहाँहरु सबैको एक्यवद्धता र सहयोगको अपरिहार्यता छ । मलाई विश्वास छ हामीले नागरिकहरुका सामु गरेका प्रतिवद्धता र नागरिकहरुको अपेक्षा पूर्णरुपमा साकार पार्न यहाँहरु सम्पूर्णको सदैव साथ, सहयोग र रचनात्मक भूमिका हुनेछ ।

धन्यवाद ।